“पर्यटन कृषि र प्राकृतिक सौन्दर्यको शहर सांस्कृतिक तारकेश्वर नगर”

# तारकेश्वर नगर गतिविधि

तारकेश्वर नगरपालिकाबाट प्रकाशित बुलेटिन

वर्ष-१ अङ्क-२ चैत्र २०७७

## शुभकामना

नव वर्ष २०७८ सालको सुखद उपलक्ष्यमा आम नगरवासी, आमाबुवा, दाजु-भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति, प्रगति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

साथै कोरोना भाईरस (कोभिड-१९) को कारणले विश्वलाई आक्रान्त पारेको अहिलेको अवस्थालाई चिर्दै नयाँ बर्ष २०७८ पूर्ण रुपले सुरक्षित रहने कुरामा विश्वस्त हुँदै आत्मबल बलियो बनाई आफू पनि सुरक्षित साथ रहने र अरुलाई पनि सुरक्षित रहनका लागि सबैमा सफलता मिलोस् भन्ने शुभकामना दिन चाहान्छौ ।




**कोभिड-१९ को दोस्रो चरणको भयावह स्थितिबाट बच्नको लागि सामाजिक दुरी कायम गरौं । घरबाट बाहिर निस्कदा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं ।**

## नगरपालिकाको प्रशासनिक भवनको शिलान्यास

तारकेश्वर नगरपालिकाको प्रशासनिक भवन २०७७ साल पुष १ गते वुधवारका दिन जिल्ला समन्वय समितिका प्रमुख शिवसुन्दर राजवैद्य र नगर प्रमुख रामेश्वर बोहराले संयुक्त रूपमा शिलान्यास गर्नु भयो । सो भवन रु १७,०१,५०,४८४।- (सत्र करोड एक लाख पचास हजार चार सय चैरासी) को लागतमा ३० महिना भित्र निर्माण सक्ने गरी संझौता भएको छ ।



भवन शिलान्यासको अवसरमा जिल्ला समन्वय समितिका प्रमुख शिवसुन्दर राजवैद्यले भवन निर्माणवाट सेवाग्राहीको काममा सहजता आई छिटो छरितो हुने वताउनु भयो भने नगर प्रमुख रामेश्वर बोहराले कार्यालयको कामको गतिविधि माथि प्रकाश पार्नु भएको थियो । सो अवसरमा जिल्ला समन्वय समितिको उपप्रमुख सरिता दाहाल र जिल्ला समन्वय समितिका समन्वय अधिकारी पिताम्वर अधिकारीको समेत उपस्थिति थियो । कार्यक्रमको सुरुवात राष्ट्रिय गान र विराट सनातन विद्यालयका विद्यार्थीहरुले स्वास्तिवाचनबाट भएको थियो । कार्यक्रम सञ्चालन नगरपालिकाका प्रवक्ता एवं वडा न १ का वडा अध्यक्ष विदुर सापकोटाले गर्नु भएको थियो भने स्वागत भाषण प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्सालले र धन्यवाद ज्ञापन नगर उपप्रमुख भवानी डोटेल धितालले गर्नु भएको थियो ।

# वडा नं. ८ मा प्रसुति तथा स्त्रीरोग उपचार विशेषज्ञ वहिरङ्ग (OPD) सेवा शुरु

तारकेश्वर नगरपालिकाको वडा नं. ८ मनमैजुमा प्रसुति तथा स्त्रीरोग उपचार विशेषज्ञ वहिरङ्ग (OPD) सेवा शुरु भएको छ । परोपकार प्रसुति अस्पताल थापाथलीसँगको सहयोग तथा सहकार्यमा प्रत्येक महिनाको दोस्रो र चौथो बुधवार प्रसुति तथा स्त्रीरोग सम्वन्धी सेवा प्रदान गर्न मिति २०७७/०९/१० गतेका दिन तत्कालिन स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय भानुभक्त ढकालले एक समारोहका बिच रीवन काटेर उद्घाटन गरी सेवाको शुभारम्भ गर्नु भयो ।

सो अवसरमा माननीय स्वास्थ्य मन्त्रीज्यूले कुनै पनि कुरा पाउने र स्थापना हुने ठूलो कुरा



होइन तर त्यसलाई सेवा निरन्तरता दिने कुरा ठूलो हो भन्नु भयो । सो अवसरमा स्याटालाईट प्रसुति सेवाको माग गरेर नगर प्रमुख सहितको प्रतिनिधिमण्डल स्वास्थ्य मन्त्रालय गएको प्रशङ्ग उठाउदै यस विषयमा तारकेश्वर नगरपालिकालाई अन्याय नहुने समेत विश्वस्त पार्नु भयो । सो अवसरमा नगर प्रमुख रामेश्वर बोहराले यो नगरपालिका धादिङ, नुवाकोट र रसुवा जिल्लाको संगम स्थल भएकाले स्याटालाईट प्रसुति सेवा सञ्चालन भएमा यस नगरपालिका लगायत ३ जिल्लाका नागरिकहरू समेत लाभान्वित हुने कुरा माननीय मन्त्रीज्यूलाई अवगत गराउनु भएको थियो । स्वास्थ्यको क्षेत्रमा नगरपालिकाले अग्रणी कार्य गर्दै आइरहेको र सबै ११ वटै वडामा ल्यावको व्यवस्था गरिसकीएको वताउनु भयो ।

सो कार्यक्रममा स्वागत मन्तव्य राख्दै उपमेयर भवानी डोटेल धितालले सबैको साथ र सहयोगमा यो विशेषज्ञ सेवा सफल हुने विश्वास व्यक्त गर्नु भयो । वडा नम्वर ८ का वडा अध्यक्ष श्री मनोज कुमार घिमिरेले आफ्नो वडामा विशेषज्ञ सेवा सञ्चालन भएकोमा खुसी व्यक्त गर्नु हुदै आफुले यस कार्यक्रमलाई सफल वनाउन सक्दो प्रयास गर्ने वताउनु भयो । प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्सालले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा वडा अध्यक्षज्यूहरु लगायत सर्वसाधारणहरूको उल्लेख्य उपस्थिति थियो । उक्त सेवा केन्द्रमा २०७७ पौष १० देखि फागुन मसान्त सम्म गर्भवती जाँच-१२२ र स्त्री रोग-१६४ गरी जम्मा २८६ ले सेवा लिइसकेका छन् ।

**प्रमुख संरक्षक**
नगरप्रमुख रामेश्वर वोहरा
**संरक्षक**
नगर उपप्रमुख भवानी डोटेल धिताल
**सल्लाहकार**
प्रमुख प्रशासकीय अधिकृत
शिव प्रसाद लम्साल
**सम्पादक मण्डल**
**संयोजक**
होमनाथ न्यौपाने
अधिकृतस्तर ढशौं
**सदस्यहरू**
शम्भुप्रसाद पौडेल
अधिकृतस्तर आठौं

तिर्थराज थापा मगर
अधिकृतस्तर सातौं

रचना शर्मा पन्थी
अधिकृतस्तर छैटौं

नरहरि गौतम
अधिकृतस्तर छैटौं
सूचना प्रविधि अधिकृत
**प्रकाशक**
तारकेश्वर नगरपालिका
धर्मस्थली, काठमाडौं

फोन नं. ०१-५१६८१११, ०१-५१६८२२७
०१-५१५८१२३, ०१-५१६८०५७
Website: tarakeshwormun.gov.np
Email: tarakeshwormun2071@gmail.com
Facebook Page: हेलो तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं

**शैक्षिक सत्र २०७७ मा सामुदायिक तथा संस्थागत विद्यार्थी विवरण**

| कक्षा | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | | सामुदायिक तथा संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| पुर्व प्राथमिक | ४३१ | ४२५ | ८५६ | २६४३ | १९९२ | ४६३५ | ३०७४ | २४१७ | ५४९१ |
| १-५ | १४६८ | १३७८ | २८४६ | ५२४१ | ४०४५ | ९२८६ | ६७०९ | ५४२३ | १२१३२ |
| ६-८ | ११४० | १०१९ | २१५९ | २४०९ | १९५२ | ४३६१ | ३५४९ | २९७१ | ६५२० |
| ९-१० | ७१८ | ८३३ | १५५१ | १३२३ | १००७ | २३३० | २०४१ | १८४० | ३८८१ |
| ११-१२ | १००१ | १०२१ | २०२२ | २१६ | २०१ | ४१७ | १२१७ | १२२२ | २४३९ |
| जम्मा | ४७५८ | ४६७६ | ९४३४ | ११८३२ | ९१९७ | २१०२९ | १६५९० | १३८७३ | ३०४६३ |

**शैक्षिक सत्र २०७७ मा सामुदायिक तथा संस्थागत विद्यालय विवरण**

| कक्षा | सामुदायिक विद्यालय | सामुदायिक धार्मिक तथा महिला विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|---|
| पूर्व प्राथमिक कक्षा मात्र सञ्चालित | ० | ० | १७ | १७ |
| आधारभूत तह कक्षा ५ सम्म सञ्चालित | ६ | २ | ६ | १४ |
| आधारभूत तह कक्षा ८ सम्म सञ्चालित | ० | १ | ७ | ८ |
| माध्यमिक तह कक्षा १० सम्म सञ्चालित | ४ | ० | ४२ | ४६ |
| माध्यमिक तह कक्षा १२ सम्म सञ्चालित | ११ | | ९ | २० |
| जम्मा | २१ | ३ | ८१ | १०५ |

## तारकेश्वर धाम उद्घाटन





तारकेश्वर नगरपालिकाको ३ नं वडा स्थित शिवपुरी राष्ट्रिय निकुञ्जको मध्य भाग, बाइपास देखि नुवाकोट जाने सडकको तिनपिप्लेबाट पैदलयात्रामा भुवनेश्वरी-पाँचमाने हुँदै पुग्न सकिने तारकेश्वर महादेव मन्दिरको काठमाडौं महानगरपालिका र तारकेश्वर नगरपालिकाको २ (दुई) करोडको लागत साझेदारीमा पुनर्निर्माण कार्य सम्पन्न भई मिति २०७७/११/२२ गतेका दिन काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यज्यू र तारकेश्वर नगर पालिकाका प्रमुख रामेश्वर बोहराज्यूले औपचारिक कार्यक्रमका बीच समुद्घाटन गर्नुभएको हो । कार्यक्रममा नगर उपप्रमुख भवानी डोटेल धिताल, प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्सालज्यू लगायत जनप्रतिनिधिहरु र कर्मचारीहरुको समेत उपस्थितिमा पाँचमानेदेखि तारकेश्वर महादेव मन्दिर सम्म करीव आधा घण्टाको पैदलयात्रा गरी निर्माण भएका संरचनाहरुको अवलोकन भएको थियो ।

मन्दिर क्षेत्रमा ढुंगाको सिंडी, स्टिलको रेलिङ्ग, फलामे भऱ्याङ्ग, पानी पोखरी, कुण्ड, पाटी, गेट तथा डस्टवीन, बत्ती जडान, घण्ट, भिउ प्वाईन्ट, शौचालय, फूलका गमला एवं फलामे कुर्सीहरु निर्माण भएका छन् । मन्दिर क्षेत्रलाई हाइकिङ्ग, पदयात्रा, आध्यात्मिक र मनोरम दृश्यावलोकनका लागि मुख्य गन्तव्यको रुपमा लिन सकिन्छ ।

## ट्राफिक कार्यालय स्थापना



बढ्दो शहरीकरण तथा सवारी साधन व्यवस्थापन लाई प्रभावकारी बनाउन तारकेश्वर नगरपालिका वडा नं. ११ नेपालटारमा महानगरीय ट्राफिक कार्यालयको शाखा कार्यालय तारकेश्वर नगरपालिकाका नगर प्रमुख रामेश्वर बोहराज्यूले एक कार्यक्रमका बिच मिति २०७७।०९।२० गते उद्घाटन गर्नुभएको थियो । उक्त कार्यक्रममा उपमेयर भवानी डोटेल धिताल साथै प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्साल ज्यूको समेत उपस्थित रहेको थियो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुखले ट्राफिक व्यवस्थापन क्षेत्रलाई नगर पालिकाले बजेट समेत छुट्याउने कुरा प्रष्ट्याउनु भयो । साथै नगरउपप्रमुख ज्यूले ट्राफिक व्यवस्थापन गर्न नगरबासीले सहयोग गर्नुपर्ने कुरा बताउनु भयो ।

# सहकारी संस्थाहरूका लागि COPOMIS सम्बन्धी तालिम





Cooperative and Poverty related Management Information System (COPOMIS) एक व्यवस्थापन सूचना प्रणाली हो जस्ले सहकारी क्षेत्रका सरोकारवाला बीच र नियमन गर्नुपर्ने कार्यको सूचना संकलन गर्ने, प्रशोधन गर्ने र प्रतिवेदन दिने काम गर्छ। यो एक web based software अर्थात Web Browser मार्फत चलाउने software हो। यो विशेष किसिमको software हो जसलाई भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले नेपाल सरकारको पूर्ण लगानीमा २०७१/७२ मा निर्माण गरी मन्त्रालयले सहकारी विभाग, केन्द्र र मातहतका सबै सहकारी डिभिजन कार्यालय र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलयहरु मार्फत COPOMIS को परिक्षण गरी आ.व. २०७४/७५ देखि सञ्चालन गर्दै आएको छ।

सहकारी नियमावली, २०७५ को नियम ७२(२) मा "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले रु. पाँच करोड रुपैयाँ वा सोभन्दा बढी रकमको बचत दायित्व भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र र सो भन्दा घटी रकमको बचत दायित्व भए तीन वर्ष भित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भइसक्नु पर्नेछ" भन्ने व्यवस्था रहेको साथै सहकारी विभागले मिति २०७४।१०।१५ गते सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी संघसंस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा नं. २९(१) मा रु. पाँच करोड वा सो भन्दा बढी रकमको जायजेथा भएको संस्थाले एक वर्षभित्र र अन्य संस्थाले तीन वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन प्रणालीमा आवद्ध भई सक्नुपर्नेछ भन्ने व्यवस्था उल्लेख भएको हुँदा यस नगरपालिका भित्रमात्र कार्यक्षेत्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई मिति २०७७।१०।२५ गते का दिन उपस्थित ३८ वटा सहकारी संस्थाका प्रतिनिधिहरुलाई सहकारी विभागका प्रशिक्षकहरु मार्फत एक दिवसिय तालिम दिइएको थियो।

# वृहत् शान्तिधाम



२०६८ सालमा स्थापना भएको वृहत् शान्तिधाम नेपाल संस्थाको परिकल्पना अनुसार नेपालमा पनि चारधाम छ भनेर धार्मिक विश्वास र आस्था अभिवृद्धि गर्नका लागि तारकेश्वर नगरपालिकाको वडा नं. २ स्थित काभ्रेस्थलीको उच्च भागमा चार धामको परिकल्पनास्वरुप त्यस्तै शैलीमा वृहत् शान्तिधामको निर्माण गरिएको छ। यस धामको उद्घाटन २०७५ साल बैशाख ६ गते महामहिम राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट भएको थियो।

प्रत्येक वर्ष अक्षय तृतीयाका दिन विष्णु-बूढानिलकण्ठबाट चण्डेश्वरी साङ्ला हुँदै यस मन्दिरसम्म पदयात्रा गरेर यसको वार्षिकोत्सव भव्यरुपमा मनाइन्छ। करिब दश रोपनी क्षेत्रफल रहेको यस धाम निर्माण गर्न करिब छ करोड रुपैयाँ लगानी भएको छ। धाम निर्माणका लागि नेपाल सरकार, नगरपालिका, वडा कार्यालय र जनस्तरबाट रकमको व्यवस्थापन गरिएको हो। यस परिसरमा वृद्धाश्रम र गौशाला निर्माण पनि गरिने भएको छ। मन्दिरको पूजा व्यवस्थापनको लागि करिब साठ्ठी लाख रकम बराबरको अक्षय कोष खडा गरिएको छ। नेपाल लगायत भारतका विभिन्न ठाउँबाट दैनिक हजारौं धार्मिक पर्यटकहरु यस क्षेत्रमा आउने हुँदा यो क्षेत्र धार्मिक पर्यटनका लागि ज्यादै महत्वपूर्ण स्थलका रुपमा लोकप्रिय हुँदै गएको छ।

यस स्थानबाट उपत्यकाको मनोरम दृश्यावलोकन गर्न एवं वरपरका हरियाली र शान्त वातावरणले जोकोहीलाई पनि आकर्षित गर्ने गरेको छ। यस तीर्थ स्थलले तरकेश्वर नगरपालिकालाई धार्मिक पर्यटनको व्यापक सम्भावना भएको नगरका रुपमा स्थापित गर्न सहयोग पुऱ्याएको छ। यस नगरका महत्वपूर्ण सम्पदामध्येको यो सम्पदा हालै निर्मित सबैभन्दा ठूलो सम्पदा हो।

# कृषकहरूलाई मिनी टिलर वितरण



कृषिमा आधुनिकीकरण र यान्त्रीकरण गर्न तारकेश्वर नगरपालिकाका किसानहरुलाई आ.व. २०७७/७८ को वार्षिक कार्यक्रम अनुसार विभिन्न कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई पचास प्रतिशत अनुदानमा मिति २०७७।११।२३ गते मिनिटिलर वितरण गरिएको थियो। मिनी टिलर नगरपालिकाका उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कृषि संयोजकज्यू र कृषि शाखाप्रमुखज्यूको उपस्थितिमा कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई वितरण गरिएको थियो। उपप्रमुख श्री भवानी डोटेल धितालज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री शिव प्रसाद लम्सालज्यूले मिनी टिलरको सही सदुपयोग गर्न र कृषि उत्पादन र उत्पादकत्वसँग जोडी आय आर्जनका लागि प्रयोग गर्न कृषकहरुलाई अनुरोध गर्नु भएको थियो।

चालु आर्थिक वर्षको कार्यक्रमअनुसार नगरपालिकाको दुई लाख बयालीस हजार र कृषकको दुई लाख बयालीस हजार गरी जम्मा चार लाख चौरासी हजार रुपैयाँको बजेटमा जम्मा ११ वटा मिनि टिलर खरिद गरि किसानलाई वितरण गरिएको थियो। मिनि टिलरका लागि किसानले प्रति मिनि टिलर बाईस हजार रूपैयाँ लगानी गरेका छन भने बाँकी पचास प्रतिशत रूपैयाँ नगरपालिकाले अनुदान दिएको थियो। प्रतिघण्टा एक लिटर पेट्रोलले एक रोपनी खेत जोत्न सकिने बताइएको छ। मिनी टिलर पाएपछि खेती किसानी गर्न सजिलो हुने, खेताला पाइएन भनेर हैरानी नहुने र खेतबारी बाँझो नहुने भन्दै किसानहरुले खुसी व्यक्त गरेका थिए।

आ.व. २०७७/०७८ मा स्विकृत योजनाहरुको २०७७ फागुन मसान्त सम्मको कार्यान्वयनको अवस्था

| क्र.स. | शिर्षक | जम्मा यो जना संख्या | सम्झौता भएको योजना संख्या | सम्पन्न भएका योजना संख्या | सम्झौता हुन बाँकी योजना संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा स्तरीय क्रमागत | ११६ | ८५ | ५३ | ३१ | |
| २ | चालु आ.व.को वडा स्तरीय | २७१ | १३५ | ६४ | १३६ | |
| ३ | नगरस्तरीय क्रमागत | ४६ | २९ | २४ | १७ | |
| ४ | नगरस्तरीय चालु आ.व. | १३७ | ८७ | ३७ | ५० | |
| ५ | ५०/५० लागत जनसहभागिता क्रमागत | ३३ | ३३ | २८ | ० | |
| ६ | ५०/५० लागत जनसहभागिता चालु आ.व | ९९ | ५४ | १५ | ४५ | |
| ७ | मर्मत संभार | १९ | १५ | ११ | ४ | |
| ८ | संघीय समपुरक योजना | १ | १ | ० | ० | |
| ९ | प्रदेश समपुरक योजना | १ | १ | ० | ० | |
| १० | प्रदेश शर्शत | ५ | ५ | १ | ० | |
| ११ | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | १८ | ११ | ३ | ७ | |
| १२ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत स्वीकृत योजनाहरु | ३३ | २३ | २ | १० | |
| १३ | ठेक्कामा सञ्चालन भएका योजना | ८ | ८ | ० | ० | |
| १४ | सडक बोर्ड | १ | १ | १ | ० | |
| १५ | संस्कृति प्रवर्द्धन कार्यक्रम (सर्शत) | १ | १ | ० | ० | |
| १६ | पर्यटन पूर्वाधार विकास आयोजना (सर्शत) | २ | २ | ० | ० | |
| | जम्मा | ७९१ | ४९१ | २३९ | ३०० | |

# १६ करोडको लागतमा पृथ्वी नारायण मा.वि. निर्माण हुदै



यस पृथ्वीनारायण माध्यमिक विद्यालय र UM HONG GILL HUMAN FOUNDATION, Korea बीच विद्यालयको भौतिक निमार्णको लागी सहयोग गर्ने सम्बन्धमा विभिन्न चरणमा वृहद रुपमा छलफल भै मिति February 24, 2019 मा विद्यालय, तारकेश्वर न.पा. र Foundation बीच MOU मा हस्ताक्षर कार्यक्रम सम्पन्न भयो। तत्पश्चात परियोजनाको विस्तृत डिजाइन तयार गरी कार्यान्वयन गर्ने गरी यस विद्यालय र UM HONG GILL HUMAN FOUNDATION, Korea बीच मिति September 19, 2019 मा द्विपक्षीय सम्झौता सम्पन्न भयो। सम्झौता पश्चात निमार्ण कार्य अघि बढाउनको लागी नेपाल सरकारद्वारा जारी सार्वजनिक खरिद ऐन नियम बमोजिम विद्युतिय माध्यमबाट बोलपत्र आह्वान गरी निमार्ण





व्यवसायी Religare Construction Pvt. Ltd, Kupondole छनौट भई सो कम्पनी सँग रु. १५,९७,९८,६९५.५२ मा निमार्ण कार्य गर्ने सम्झौता भई कार्य अगाडि बढेको छ भने हाल सम्म करिब ७० प्रतिशत भौतिक प्रगति भएको छ। यस परियोजना कार्य September, 2021 भित्र सम्पन्न गर्ने गरी कार्य जारी रहेको छ।

# न्यानो कपडा वितरण कार्यक्रम





तारकेश्वर नगरपालिकाले महिला बालबालिका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा विगत वर्षहरु देखि नै विभिन्न कार्यक्रम संचालन गर्दै आईरहेको छ। सोही अनुरुप महिला बालबालिका तथा समाजकल्याण शाखाको आ.व.०७७/०७८ को बर्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिकाको जेष्ठ नागरिकहरुलाई सम्मान तथा न्यानो कपडा वितरण कार्यक्रम नगर प्रमुख श्री रामेश्वर बोहराज्युको प्रमुख आतिथ्यमा सञ्चालन गरियो। ११ वटै वडामा सञ्चालित उक्त कार्यक्रम सम्बन्धित वडा अध्यक्षज्युको अध्यक्षतामा, उप प्रमुख, प्रशासकिय अधिकृत, नगरपालिकाहरुका जनप्रतिनिधि, वडा स्तरिय ज्येष्ठ नागरिक समितिका अध्यक्ष एवं सदस्य, कर्मचारी, मिडियाकर्मीको उपस्थितिमा औपचारिक कार्यक्रम गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका ७० वर्ष माथिका ज्येष्ठ नागरिक १६०७ जनालाई न्यानो कपडा वितरण गरियो।

# जेष्ठ नागरिक आँखा तथा ल्याब परिक्षण कार्यक्रम







यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा बसोबास गर्ने जेष्ठ नागरिकहरुको लागि आँखा तथा ल्याब परिक्षण कार्यक्रम सञ्चालन गरी बृद्ध बृद्धाहरुमा हुने आँखाको मोतिविन्दू पत्ता लगाउने र आखा कमजोर भएका जेष्ठ नागरिकहरुको लागि चस्मा वितरण समेत गर्ने कार्य गरियो। उक्त कार्यक्रम सञ्चालनको लागी प्रत्येक वडाहरुमा तपसिलमा उल्लेख भए बमोजिम तालिकाको समय बनाई प्रत्येक वडाहरुमा कार्यक्रम सम्पन्न गरियो।

| क्र.स | मिति | कार्यक्रम सञ्चालन भएको स्थान | वडा नं | जम्मा सेवा ग्राही | चस्मा वितरण | मोति विन्दु | सुगर देखिएका | किड्नी function नराम्रो भएको |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७७/१०/१९ | साङ्गला प्रा.स्वा.के-१ | १ | १२० | १०२ | १६ | १५ | ८ |
| २ | २०७७/१०/२० | फुटुङ्ग स्वास्थ्य चौकी-७ | ७ | ११८ | ८६ | १३ | १२ | ७ |
| ३ | २०७७/१०/२१ | काभ्रेस्थली स्वा.चौ-२ | २ | ११२ | ९८ | १२ | १० | ८ |
| ४ | २०७७/१०/२९ | मनमैजु स्वा.चौ-८ | ८ | ९५ | ६९ | ११ | १० | ५ |
| ५ | २०७७/११/०२ | शहरी स्वा.के-१० | १० | ७५ | ६८ | १५ | १४ | ४ |
| ६ | २०७७/११/०९ | शहरी स्वा.के ९ | ९ | १२० | ८३ | १५ | १३ | ८ |
| ७ | २०७७/११/१० | शहरी स्वा.के. ४ | ४ | १०७ | ७९ | १६ | १५ | ९ |
| ८ | २०७७/११/११ | शहरी स्वा.के ११ | ११ | १२४ | ८३ | १८ | १७ | ११ |
| ९ | २०७७/११/१२ | गोलढुङ्गा स्वा.चौ-५ | ५ | १४० | ९८ | १९ | १८ | १३ |
| १० | २०७७/११/१३ | जितपुरफेदी स्वा.चौ-३ | ३ | १५५ | १३३ | २१ | २० | ११ |
| ११ | २०७७/११/१४ | धर्मस्थली स्वा.चौ-६ | ६ | १४५ | ८६ | २० | १८ | ९ |
| जम्मा | | | | १३११ | ९८५ | १७६ | १६२ | ९३ |

# आरोग्य सेवा केन्द्रको स्थापना

तारकेश्वर नगरपालिकाको वडा नं. ११ को साविकको वडा कार्यालयमा आयुर्वेदिक उपचार गर्नको लागि मिति २०७७/११/२१ का दिन नगर प्रमुख रामेश्वर बोहराले एक समारोहबीच उद्घाट्न गरी आरोग्य सेवा केन्द्रको स्थापना गर्नुभयो। स्थापनादेखि हालसम्म उक्त केन्द्रबाट २ सय भन्दा बढीले सेवा लिईसकेका छन्।

# अन्तर्राष्ट्रिय महिला दिवस






मिति २०७७/११/२४ गते तदानुसार मार्च ८ का दिन १११ औं अन्तर ाष्ट्रिय "महिला दिवश" महिलाको सुरक्षा, सम्मान र रोजगारः समृद्ध नेपालको आधार भन्ने राष्ट्रिय नाराका साथ तारकेश्वर नगरपालिका मुल आयोजक कमिटिको आयोजनामा नगर उप प्रमुख श्री भवानी डोटेल धितालज्युको अध्यक्षता र जिल्ला समन्वय समितिका उप प्रमुख श्री सरिता दाहालज्युको प्रमुख आतिथ्यमा अन्तक्रिया कार्यक्रमको साथमा सचेतनामूलक दोहोरी गित प्रतियोगिता आयोजना गरिएको थियो। कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, महिला समूह समिति संस्थाका सदस्य,स्वयमसेविका, मिडियाकर्मी, नगरका महिला तथा अन्यको उपस्थिति थियो भने अधिवक्ता श्री विष्णु वस्यालज्यूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ं। कार्यक्रममा प्रथम द्वितीय र तृतीय हुने समूहलाई नगर उप-प्रमुख एवं अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यूले पुरस्कार प्रदान गर्नुभएको थियो।

# मानव सेवा आश्रम निर्माण स्थलको अवलोकन



बेसहारा तथा सहयोगापेक्षी सडक मावनको व्यवस्थापनका लागि काठमाडौंको तारकेश्वर स्थित मानवसेवा आश्रमको प्रस्तावित भवन निर्माणस्थलको मिति २०७७ मंसिर १४ गतेका दिन प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको धर्मपत्नी राधिका शाक्य र शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरसहितको टोलीले स्थलगत निरीक्षण गरेको छ।

उक्त क्षेत्रको वस्तुस्थिति बुझ्न पुगेको शाक्य नेतृत्वको टोलीमा काठमाडौं महानगरपालिका विभिन्न पदाधिकारीहरू तथा तारकेश्वर नगरपालिकाकाको नगर प्रमुख रामेश्वर बोहोरा, उपप्रमुख भवानी डोटेल धिताल, वडाअध्यक्ष मनोहरि तिवारी सहितको टोलीले अवलोकन गरेका थिए।

उपत्यकालाई मानवीयताको शहर बनाउने सरकारी योजना मुताबिक बेसहारा सडक मानवको व्यवस्थापनका लागि काठमाडौं महानगर र तारकेश्वर नगरपालिकाले यहाँ भवन निर्माणको प्रक्रिया अघि बढाएको हो। असहाय व्यक्ति, महिला बालबालिका तथा ज्येष्ठ नागरिकको सहयोगमा अहोरात्र खटिँदै आउनुभएकी समाजसेवी शाक्यले उपयुक्त स्थानमा बेसहाराका लागि भवन निर्माण हुन लागेकामा खुशी व्यक्त गर्नुभयो। बेसहारा सडक मानव व्यवस्थापनमा उहाँले विगतदेखि नै संस्थागत र व्यक्तिगत सहयोग गर्दै आउनुभएको छ।

जग्गाको निरीक्षणपछि राज्यमन्त्री मानन्धरले जतिसक्दो चाँडो भवन निर्माण गरेर सेवा अघि बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले मन्त्रालयबाट हुने सहयोगमा कुनै कमी नरहने प्रतिबद्धता जनाउनुभयो। केही अघि काठमाडौं महानगरपालिका, तारकेश्वर नगरपालिका र मानवसेवा आश्रमको त्रिपक्षीय बैठकले तारेकेश्वर-३ मा ४२ रोपनी सरकारी जमिन भएको स्थानमा चार रोपनि जग्गामा मानव सेवा आश्रम निर्माण गर्न लागिएको हो। तीन सय बेड आश्रममा महिलाको लागि लक्ष्मी, पुरुषको लागि नारायण र बालकको लागि बालगोपाल कक्ष रहेको छ। उक्त आश्रम भवन सात करोड ३८ लाख लागतमा बन्ने भएको छ। उक्त आश्रम भवन बनेपछि नेपाल मानव सेवा आश्रमले सञ्चालन गर्ने छ।

सरकारको स्वीकृतिपछि यहाँ सहयोगापेक्षी सडक मानव व्यवस्थापन एवं मानवता प्रवर्द्धनका लागि 'शहीद धर्मभक्त माथेमा महानगर मानवसेवा आश्रम' बन्नेछ।

एक वर्षभित्र आश्रम निर्माण गरिसक्ने प्रस्तावित योजनामा उल्लेख छ। अहिले उपत्यकालगायत विभिन्न जिल्लामा भाडाको घरमा राखेर असहाय, बेसहारा तथा मनोरोगीको संरक्षण हुँदै आएको छ। काठमाडौं महानगरपालिका र तारकेश्वर नगरपालिकाको सहयोगमा भवन निर्माण हुने र अन्य आवश्यक सहयोगापेक्षी सडक मानवका उद्धार, रेखदेख, संरक्षण तथा उपचारपछि पुनःस्थापनको काम आश्रमले गर्ने गरी प्रक्रिया अघि बढेको आश्रमका प्रवक्ता सुमन बर्तौलाले जानकारी दिनुभयो।

तारकेश्वर नगरपालिकाका प्रमुख रामेश्वर बोहराले सडक मावनको व्यवस्थापनको अवसर प्राप्त हुनु खुशीको कुरा भएको प्रतिक्रिया दिनुभएको छ। उक्त आश्रमले विभिन्न कारणबाट घरबारविहीन भई खुला आकाशमुनि कष्टकर रुपमा जीवनयापन गर्न विवश भएका तथा शारीरिक र मानसिक रुपमा कमजोर व्यक्तिलाई संरक्षण दिँदै आएको छ।

सरकारले वि.सं. २०७८ सालभित्र मुलुकलाई नै सडक मानवरहित देश बनाउने योजना अघि सारेको छ। सोही योजनाअनुसार उपत्यकालाई मानवीयताको शहर बनाउने लक्ष्यसहित तारकेश्वरमा आश्रम स्थापना गर्न लागिएको हो। भवन निर्माणपछि त्यसको सञ्चालन तथा व्यवस्थापन, नीति निर्माणलगायत आवश्यक कार्य गर्न महानगरपालिकाका प्रमुखको संयोजकत्वमा निर्देशक समिति रहनेछ।